# स्थानीय निकाय केन्द्रीय समन्वय समिति

## संयुक्त प्रेस विज्ञप्ति

**२०६८ पौष २१**

नेपालको अन्तरिम संविधान, २०६३ र स्थानीय स्वायत्त शासन ऐन, २०५५ को व्यवस्था तथा मर्म अनुसार स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिको व्यवस्था गरी अविच्छिन्न, उत्तराधिकारवाला, स्वशासित संस्थाकोरुपमा परिचालित गर्नुपर्ने र कुनै पनि बहानामा स्थानीय निकाय जनप्रतिनिधिविहीन गर्न नहुने कानूनको व्यवस्था हुँदाहुँदै पनि करिव एक दशकसम्म कर्मचारी र असंवैधानिक दलीय संयन्त्रको बिधिबाट स्थानीय निकायहरु सञ्चालन गर्ने कार्यप्रति असहमति जनाउनुका साथै लोकतान्त्रिक विधिबाट स्थानीय निकायहरुको सञ्चालन नगरिंदा आउन सक्ने सम्भावित दुरगामी परिणामका बारेमा पनि स्थानीय निकायका संघ महासंघहरुले समयमै सचेत गराउँदै सम्माननीय प्रधानमन्त्री, व्यवस्थापिका संसद, नेपाल सरकार, राजनीतिक दलहरु लगायत सबै सरोकारबालाहरुलाई स्मरण गराउने काम समेत समय समयमा गर्दै आएका हौं ।

स्थानीय निकायका संघ/महासंघहरु कानूनी राज्यमा दृढ विश्वास गर्ने भएकोले अन्तरिम संविधानको धारा १३९ को उपधारा (१) बमोजिम निर्वाचनको मिति तत्काल घोषणा गर्न सम्मानित सर्वोच्च अदालतबाट ०६६ मंसिरमा भएको फैसलामा निर्वाचनबाट स्थानीय सरकारको संचालन गर्न नेपाल सरकारको ध्यानाकर्षण समेत गराइसकिएको थियो । यसकासाथै स्थानीय निकायका संघमहासंघहरुले ०६८ जेष्ठ र पूर्व सांसद मञ्चसँग समेत संयुक्तरुपमा भाद्र महिनामा रिले अनशन जस्ता कार्यक्रमहरु मार्फत तत्काल स्थानीय निर्बाचन गर्न, दिगो शान्तिलाई तार्किक निस्कर्षमा पुऱ्याउन तथा समयमै संविधान घोषणा गर्नका लागि पहल गरेको कुरा पुनःस्मरण गराउन चाहन्छौं ।

स्थानीय निकायमा निर्वाचित पदाधिकारी नहुँदा समावेशी र सहभागितात्मक योजना तर्जुमा र कार्यान्वयन पक्ष अत्यन्त कमजोर हुन गएको तथ्य जगजाहेर नै छ । स्थानीय निकायमा रहेको राजनीतिक शून्यतामा जनताले प्रभावकारी सेवा प्राप्त गर्ने मौकाबाट समेत बञ्चित हुनुपरिरहेको छ ।

यस पृष्ठभूमिमा जिम्मेवारी र उत्तरदायित्व विनाको अनिर्वाचित सर्वदलीय संयन्त्रले जनताको प्रतिनिधित्व गर्न नसक्ने र यसले लोकतन्त्रको मूल्य र मान्यताको समेत अपहेलना गरेको विषयमा समेत संघ तथा महासंघहरुले विगतदेखि निरन्तर विरोध जनाउदै आएका थियौं । हाल आएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन पछि ढिलै भए पनि नेपाल सरकारले स्थानीय निकाय सर्वदलीय संयन्त्रको बिघटन गरी तत्काल निर्वाचन गर्ने अभिव्यक्ति दिएकोमा स्थानीय निकायका संघ/महासंघहरु स्वागत गर्दछौं ।

तर, नयाँ संविधानको निर्माण र राज्य पुनर्संरचनाको बहानामा स्थानीय निकायहरुलाई अनिश्चित कालसम्म जननिर्वाचित पदाधिकारीविहीन बनाई राख्ने कुरा लोकतन्त्रप्रति विश्वास गर्ने कसैलाई पनि स्वीकार्य हुनसक्दैन । तसर्थ, नेपालको अन्तरिम संविधान, २०६३ को व्यवस्थाअनुसार यथाशीघ्र स्थानीय निकायको निर्वाचनको मिति घोषणा गरेर मात्रै अन्य अल्पकालीन वैकल्पिक व्यवस्था गर्न राजनीतिक दल र नेपाल सरकार समक्ष स्थानीय निकायका संघ/महासंघहरु हार्दिक अपील गर्दछौं ।

**जिविस महासंघ नेपाल**

..................
कृष्णप्रसाद जैसी
प्रवक्ता

..................
माधवप्रसाद पौडेल
पूर्व अध्यक्ष

..................
भरतबहादुर खडका
केन्द्रिय सदस्य,

**नेपाल नगरपालिका संघ**

..................
विदुर मैनाली
महासचिव

**गाविस राष्ट्रिय महासंघ नेपाल**

..................
नारायणप्रसाद कोइराला
संस्थापक अध्यक्ष .

..................
नक्राज गेलाल
केन्द्रिय सदस्य